


**Population:**
206,400 (2000)
254,200 (2010)
313,100 (2020)
**Countries:** China, India, probably Nepal
**Buddhism:** Tibetan
**Christians:** 10

## संक्षेप:

**अन्य नामहरू:** Kham, Khamba

**जनसंख्या:**
चीन : २,७०,००० (Joshua Project)
भारत: १,२२१ (१९८१ census);
Probably also in Nepal

**उपभाषाहरू:** २ (Ger-rtse, Nagchu)

**तिब्बती बुद्ध धर्म:** ९९%

**इसाई धर्म:** ०.०१%

**बाइबल:** छ

**येशू चलचित्र :** छ

**सु. रेकर्डिङ :** छ

**ख्रीष्टिय प्रसारण:** छैन




मध्य र उत्तरी तिब्बतको विशाल न्ङारी अञ्चलमा बसोबास गर्ने २,७०,००० जना तिब्बतीहरू पश्चिमी खम्पा भाषा बोल्दछन्। यिनीहरू पातलो जनसङ्ख्यामा उत्तर–पूर्वदेखि उत्तर भागसम्म बाटो जस्तै देखि गरी मध्य तिब्बत भरिमा बसोबास गर्छन्। यो भू–भाग झन्डै मरुभूमि जस्तै देखिने पठार हो। यो भू–भाग ५,१८० मिटर उचाइमा, समुद्रको उचाइमा हावामा पाउने अक्सिजनको घनत्वभन्दा आधा मात्र अक्सिजनको घनत्व भएको भू–भाग हो।

'खम' चाहिँ विगतको समयहरूमा तिब्बतको एक अञ्चलको नाम हो। 'पा' भन्ने शब्दको अर्थ तिब्बतीय भाषामा 'मानिसहरू' हो; खम्पाको अर्थचाहिँ 'खम' मा बसोबास गर्ने मानिसहरू' हो। यो खम भू–भागलाई चीनले चिङ्हाइ र शिचुआन प्रान्तहरूसँग जोड्यो, तर पश्चिमी खम्पाहरू पूर्ण रूपमा तिब्बतमा बसोबास गर्दै आएका छन्। थोरै सङ्ख्यामा भएको पश्चिमी खम्पाहरू उत्तर भारतमा विशेष गरी हिमाचल प्रदेश र उत्तर प्रदेश प्रान्तहरूमा बसोबास गर्दै आएका छन्। सन् १९८१ मा भएको भारतको जनसङ्ख्याअनुसार १,२२१ खम्पाहरू भारतमा छन्।

संसारले कठिनाइपूर्ण वातावरण भनी ठान्ने वातावरणमा खम्पाहरू बसोबास गर्दै आइरहेका छन्। बहु–पति विवाह (दाजुभाइहरू एउटी स्त्रीलाई विवाह गर्ने) अझै पनि कुनै–कुनै ठाउँहरूमा चलन चल्तीमा छ। कठिनाइपूर्ण पठारहरूमा बसोबास गर्ने खम्पाहरूको सम्भावित आयु ४५ वर्ष मात्र हो।




खम्पाहरू आफ्नो जीवनको अगुवाइको लागि भूतात्माहरू, प्रेतात्माहरू र शरीरलाई त्यागेको भगवान्को आत्माहरूमाथि भरोसा राख्छन्।

विगतको समयहरूमा तिब्बतभित्र प्रवेश गर्न नसक्ने कुनै मिशनरीहरूले तिब्बतीय भाषामा छापिएको सुसमाचारीय पर्चाहरूलाई बोराहरूमा हालेर एक दर्जन याकहरूमाथि राखेर तिब्बतभित्र पठाए। सन् १९२० मा एक जना लेखकले यसरी विलाप गर्नुभयो: "यी भू–भागहरू त्यहीँ रहेर काम गर्ने मिशनरीहरूको अभावमा रहेको मात्र नभएर एक–दुई कुनाहरूबाहेक ख्रीष्टको सेवकहरूले पाइला नटेकेको अवस्थामा पनि छन्। यी भागहरू पश्चिमी चीनमा जित्नुपर्ने भागहरू हुन्। यहाँ विशाल ठाउँहरू नचिनेको अवस्थामा छन्, अझै विशाल ठाउँहरू लुकिएको अवस्थामा छन्।